# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with
Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)

**CENTRAL OFFICE:**
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki

**Immediate Past President:**
Dr. Mukti Ram Shrestha

**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha

**Vice President:**
Dr. Anil Bikram Karki

**General Secretary:**
Dr. Badri Rijal

**Treasurer:**
Dr. Prakash Budhathoky

**Joint Secretary:**
Dr. Niraj Kumar Singh

**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari

**Editor-in-Chief:**
Dr. Angel Magar


मितिः २०७९/१०/२९

## प्रेस विज्ञप्ति

नेपाल चिकित्सक संघको केन्द्रीय कार्यकारिणी समितिको मिति २०७९/१०/२८ गते बसेको आकस्मिक बैठकले राष्ट्रिय ट्रमा सेन्टरमा कार्यरत चिकित्सकहरू माथि भएको आक्रमण र विशिष्ट व्यक्तिहरूको सवारी व्यवस्थापनका क्रममा उत्पन्न हुने गरेको समस्याको विरोधमा मिति २०७९/१०/२९ गते आइतबारका दिन देशभरका स्वास्थ्य संस्थामा अत्यावश्यकबाहेकका स्वास्थ्य सेवा बन्द गर्न गरेको निर्णय आज मिति २०७९/१०/२९ गतेका दिन नेपाल सरकारद्वारा गठित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवको संयोजकत्वमा गृह मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रतिनिधिसहितको गठित वार्ता टोली र यस संघका पदाधिकारीबीच भएको छलफलबाट निम्न बुँदाहरूमा सहमति भएकोले हालका लागि सम्पूर्ण बन्द तथा आन्दोलनका कार्यक्रमहरू आजैका मितिबाट लागू हुने गरी स्थगन गरिएको व्यहोरा जानकारी गराइन्छ। यस कार्यक्रमबाट आम सर्वसाधारणलाई पर्न गएको असुविधाप्रति दुख व्यक्त गर्दै यस कार्यक्रमलाई सहयोग गर्नुहुने सम्पूर्ण चिकित्सक, स्वास्थ्यकर्मी, पत्रकार एवं सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छौं।

## सहमति

१. मिति २०७९/१०/२७ गते दिनको ४.१५ बजेको समयमा राष्ट्रिय ट्रमा सेन्टर र वीर अस्पताल अगाडि विशिष्ट व्यक्तिको सवारी सुरक्षा व्यवस्थापन गर्ने क्रममा भएको घटनाको बारेमा वार्ता टोलीमा छलफल भयो। साथै, उक्त घटनामा घाइते हुनु भएका चिकित्सकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गरियो।

२. मिति २०७९/१०/२७ गतेका दिन घटेको घटनाको सम्बन्धमा सम्बन्धित सुरक्षाकर्मीलाई निलम्बन गरी छानविन शुरू भई सकेकोले समग्र पक्षमा एक हप्ताभित्र छानविन सम्पन्न गरी दोषीलाई कारबाही गर्ने।

३. घाइते चिकित्सकको उपचारको व्यवस्था नेपाल सरकारले गर्ने।

४. विशिष्ट व्यक्तिको सवारीमा सुरक्षा व्यवस्थापन गर्दा बिरामी एवं आमनागरिक र विशेषगरी स्वास्थ्य संस्था, विद्यालयलगायतका संवेदनशील संस्था तथा

# नेपाल चिकित्सक संघ
# Nepal Medical Association

KTM, CDO Regd. No. 07/043/44

Founded: 20 Falgun 2007(4th March 1951)

(Mutually affiliated with Indian Medical Association)

**Member**
World Medical Association (WMA)
South Asia Medical Association (SAMA)
Confederation of Medical Association in Asia and Ocenia (CMAAO)



CENTRAL OFFICE:
Siddhi Sadan, Post Box: 189
Exhibition Road, Kathmandu
Nepal (Asia)



**EXECUTIVE COMMITTEE**
**( 2020 - 2023 )**

**President:**
Dr. Lochan Karki
**Immediate Past President:**
Dr. Mukti Ram Shrestha
**Senior Vice President:**
Dr. Shiva Prasad Shrestha
**Vice President:**
Dr. Anil Bikram Karki
**General Secretary:**
Dr. Badri Rijal
**Treasurer:**
Dr. Prakash Budhathoky
**Joint Secretary:**
Dr. Niraj Kumar Singh
**Joint Treasurer:**
Dr. Bishwa Raj Dawadi

**Members:**
Dr. Bipesh Acharya
Dr. Leison Maharjan
Dr. Nanda Kumari Gurung
Dr. Pramod Joshi
Dr. Ritesh Thapa
Dr. Sanjeeb Tiwari
**Editor-in-Chief:**
Dr. Angel Magar


क्षेत्रहरूमा असहजता नहुने गरी "विशिष्ट व्यक्तिहरूको सुरक्षा व्यवस्थापन कार्यविधि, २०७७" मा गर्नुपर्ने परिमार्जनसम्बन्धमा नेपाल सरकारसमक्ष एक हप्ता भित्रमा सुझाव पेश गर्ने। नेपाल सरकारले उक्त सुझावहरूलाई यथाशीघ्र कार्यान्वयनमा लैजाने।

५. स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (संशोधनसहित) ऐन, २०६६ बमोजिम स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने। साथै, स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीको सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक व्यवस्था गर्ने।

६. नेपाल चिकित्सक संघले अगाडि सारेका आन्दोलनका सम्पूर्ण कार्यक्रम तत्काल स्थगित गरी आ-आफ्नो कार्य जिम्मेवारी सम्हाल्ने।

Badri

डा. बद्री रिजाल
महासचिव

Karki

डा. लोचन कार्की
अध्यक्ष